# चौरीदेउराली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
ढाँडखर्क, भकुण्डेपाख, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

मितिः २०७८/०४/०१

---

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस गाउँपालिकाभित्रको सबै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई **आ.व.२०७८/०७९ को श्रावण १गते देखि कार्तिक मसान्तभित्र** अनिवार्य रुपमा आफनो सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउनु हुन सूचित गरिन्छ। वालवालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा,बाबु,संरक्षक,माथवर वा संरक्षकले निवेदन दिन सक्नेछ। तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउदा ल्याउनुपर्ने कागजातहरु/वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरुः**

- नागरिकता प्रमाण पत्रका प्रतिलिपी,
- वालवालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण,
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि र दोश्रो विवाह नभएको प्रमाणपत्र,
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण,
- विवाह नगरेको महिलाको हकमा वडाको सिफरिस पत्र,
- अपाङ्गता भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि

  सामाजिक सुरक्षा परिचयपत्र नवीकरण निवेदनको ढाँचा यसै सूचना साथ संलग्न छ।

  (नोटः माथि उल्लिखित आवश्यक कागजातहरु २ प्रति लिई वडामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको अभिलेख राख्नुहुन सबै वडा कार्यालयहरुलाई अनुरोध गर्दछु।)

महानन्द दास लामा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

# सामाजिक सुरक्षा परिचयपत्र नविकरण दरखास्त फराम

मिति:२०७८/   /

श्री वडा अध्यक्षज्यू

वडा   , चौरीदेउराली गाउँपालिका

काभ्रेपलान्चोक जिल्ला, बागमती प्रदेश।

**विषयः सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराई पाउँ।**

उपरोक्त विषयमा सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले प्रत्येक आ.व.को श्रावण देखि कार्तिक मसान्तभित्र नविकरण गरिसक्नुपर्ने प्रावधान बमोजिम आ.व.२०७८/०७९ को सामाजिक सुरक्षा भत्ता पाउनको लागि देहायको विवरण सहित यो दरखस्त पेश गरेको छु। मैले राज्यकोष तथा विदेशी सरकारबाट निवृत्तिभरण तथा मासिक पारिश्रमिक, पेन्सन वा यस्तै प्रकारको अन्य कुनै पनि सुविधा पाएको छैन। व्यहोरा ठीक साँचो हो, झूट्टा ठहरे प्रचलित कानून वमोजिम सहुँला बुझाउँला।

**सामाजिक सुरक्षा भत्ताको किसिमः (उपयुक्त कुनै एकमा चिन्ह लगाउने)**

ज्येष्ठ नागरिक/पूर्ण अपाङगता (क बर्ग)/अतिअशक्त अपाङगता(ख वर्ग)/असहाय एकल महिला/विधवा/दलित वालवालिका

**निवेदकको**

दस्तखतः
लाभग्राहीको नाम,थरः
ठेगानाः
लिङ्ग :
परिचयपत्र नं. :
बाजेको नामः
बाबुको नाम

आमाको नामः
सम्पर्क नम्वरः
**वालवालिकाको वा अपाङ्गताको हकमाः**
जन्मदर्ताः
संरक्षको नाम,थरः
संरक्षको दस्तखतः

सम्पर्क मोबाईल नं. :
असहय एकल महिलाको हकमा
पतिको मृत्यु दर्ता नं. :

कार्यालय प्रयोजनका लागिः

परिचयपत्र नविकरण निर्णय मिति:

भत्ताको किसिमः

परिचय पत्र नः

वडा अध्यक्षः